# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नापी कार्यालय ललितपुरका नापी सर्भेक्षक रामविर यादवसमेतले जग्गा कित्ताकाँट गरी जग्गा धनी प्रमाण पूर्जा बनाउने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज सर्भेक्षक रामविर यादव, लेखापढी काम गर्ने दिनेश बन्जरा र विनोद अधिकारीलाई सेवाग्राहीबाट रु.२,५०,०००।–(दुई लाख पचास हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा मिति २०८०।१०।०९ गते नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा **नापी कार्यालय, ललितपुरका सर्वेक्षक रामविर यादव**ले सेवाग्राहीसँग जग्गा कित्ताकाट गरी जग्गाधनी प्रमाण पूर्जा बनाई दिएवापत घुस/रिसवत रु.२,५०,०००।–(दुई लाख पचास हजार रुपैयाँ) माग गरेकोमा उक्त घुस रकममध्ये जग्गा कित्ताकाट गर्ने गराउने प्रयोजनको लागि रु.१,५०,०००।-(एक लाख पचास हजार रुपैयाँ) रकम **बिचौलिया विनोद अधिकारी**लाई लिन लगाई लिएको र भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जग्गाधनी पूर्जा बनाउन लगाए/बनाई दिएवापत **मालपोत कार्यालय, ललितपुरका ना.सु. प्रदिप पौडेल**लाई दिने प्रयोजनको लागि निज प्रदिप पौडेलले माग गरेको रकम रु.१,००,०००।–(एक लाख रुपैयाँ) लेखापढी व्यवसायी **आशिषराज बस्नेत**ले लेखापढीको काम गर्ने **दिनेश बन्जारालाई** लिन लगाई लिएको हुँदा निजहरु रामविर यादव, विनोद अधिकारी, प्रदिप पौडेल, आशिषराज बस्नेत र दिनेश बन्जारासमेतको आपसी मिलोमतोमा जग्गा कित्ताकाट गरी जग्गाधनी प्रमाण पूर्जा बनाउन/बनाई दिएवापत घुस/रिसवत लिए लिन लगाएको पुष्टि भएकोले नापी कार्यालय, ललितपुरका सर्वेक्षक रामविर यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.२,५०,०००/-(दुई लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन मागदाबी लिइएको छ।

बिचौलिया विनोद अधिकारीले जग्गा कित्ताकाट गरी गराई दिने प्रयोजनको लागि माग गरेको रु.१,५०,०००।– रामविर यादवसँग मिलेमतो गरी लिएको हुँदा निज विनोद अधिकारीलाई मुख्य कसुरदार रामविर यादवले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको हुँदा निज बिनोद अधिकारीलाई, मुख्य कसुरदार रामविर यादवलाई बिगो रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम हुने सजायलाई आधार मानी, सोही ऐनको दफा २२ वमोजिम सजाय हुन मागदाबी लिइएको छ।

मालपोत कार्यालय, ललितपुरका प्रदिप पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,००,०००।-(एक लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन मागदाबी लिइएको छ।

साथै, लेखापढी व्यवसायी आशिषराज बस्नेत र लेखापढी काम गर्ने दिनेश बन्जाराले जग्गाधनी प्रमाण पूर्जा बनाई दिए/बनाउन लगाएवापत माग गरेको घुस/रिसवत प्रदिप पौडेलसँग मिलेमतो गरी लिएको हुँदा निजहरुलाई मुख्य कसुरदार प्रदिप पौडेलले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको हुँदा निजहरु आशिषराज बस्नेत र दिनेश बन्जारालाई, मुख्य कसुरदार प्रदिप पौडेललाई विगो रु.१,००,०००।- (एक लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम हुने सजायलाई आधार मानी, सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे